

# अध्याय ५

# नानीले के कस्तो सुन्न सक्छ ?




केही बालबालिकाहरू पूर्णरूपले बहिरा हुन्छन् र कुनै आवाज सुन्न सक्दैनन् वा धेरै ठूला आवाजहरू मात्र सुन्न सक्छन् । नानीहरू साना भएका बखत ठूला आवाज आउँदा पनि नानीहरूले टाउको यताउति गरेनन् वा कुनै प्रतिक्रिया दिएनन् भने आमाबाबुहरूले आफ्ना नानीहरूले सुन्न नसकेको कुरा चाल पाउँछन् ।




कैयन बालबालिकाहरूको केही मात्रामा सुन्ने शक्ति क्षय भएको छ भनेपनि केही आवाजहरू सुन्न सक्छन् । कुनै कुनै आवाजमात्र सुन्नसक्ने बच्चाहरुको श्रवण-शक्ति अवस्था थाहा पाउन अभिभावकहरूलाई गाह्रो पर्छ । नानीले कुनै ठूलो आवाज सुनेर आश्चर्य व्यक्त गर्न वा आफ्नो टाउको ठूलो आवाज आएतिर फर्काउन सक्छ तर सानो आवाजतिर त्यसो गर्न सक्दैन । केहीले निश्चित प्रकारका आवाजहरू आउँदा मात्र प्रतिक्रिया गर्न सक्छ । केही बालबालिकाहरूले उनीहरूसँग बोल्दा सानै आवाज भए पनि सुन्न सक्छन् । तिनीहरूले बिस्तारै केही शब्दहरू बुझ्न र त्यसको प्रतिक्रिया दिन सक्छन् । तर उनीहरूले राम्ररी बुझ्नका लागि आवश्यक धेरै शब्दहरू सुन्दैनन् । यस्तो प्रकारको श्रवण-शक्ति कम भएका बालबालिकाहरू बोल्न ढिलो सिक्छन् ।

धेरै बालबालिकाहरूमा श्रवण-शक्ति क्षय बारम्बार तथा लामो समयसम्म कानमा संक्रमण हुनाले अथवा कुनै औषधीको नकारात्मक असरको कारणले हुन्छ । (बहिरो हुनाका कारणहरूबारे अध्याय १८ मा हेर्नुहोस्) । आमाबाबुहरूलाई नानीले बिस्तारै श्रवण-शक्ति गुमाउँदै छ भन्ने कुरा ऊ ४ अथवा ५ वर्षको नभइन्जेल, उसले बोल्न सुरु नगरुन्जेल वा उसले प्रष्ट नबोलुन्जेलसम्म पनि थाहा पाउन नसकेका हुन पनि सक्छन् ।

यदि सुरुमै आफ्नो नानीले कतिसम्म सुन्न सक्छ भन्ने पत्ता लगाउन सकिएमा, नानीले संचार गर्न सक्ने हुनका लागि उसलाई कस्तो प्रकारको अतिरिक्त सहयोग दिने हो भन्ने थाहा पाउन सहयोग पुग्छ । कहिलेकाहीं आमाबाबुहरू, अन्य बालबालिकाहरू वा शिक्षकहरूले श्रवण-शक्ति कम भएका बालबालिकाहरू मानसिक रूपले सुस्त हुन्छन् भन्ने सोच्छन् । यदि बहिरा बालबालिकाहरूले संचार गर्न अतिरिक्त सहयोग पाए भने उनीहरूमध्ये धरैजसोले सिक्न र अन्य बालबालिकाहरू जस्तै शिक्षित बन्न सक्छन् । त्यसकारणले नानीले के कति सुन्न सक्छ भनी सुरुकै अवस्थामा पत्ता लगाउन जरुरी छ ।

## आवाजका प्रकारबारे बुझाइ

यदि आमाबाबुहरूले विभिन्न प्रकारका आवाज बारे जानकारी भएमा उनीहरूलाई आफ्ना बालबालिकाहरूले कत्रो र कस्ता प्रकारका आवाजहरू सुन्न सक्छन् भन्ने बुझ्न सजिलो हुन्छ ।

### मोटो आवाज (Loudness)

कुनै आवाजहरू अरु आवाज भन्दा मोटा हुन्छन् । नजिकबाट आएका आवाजहरू टाढाका उही आवाजहरू भन्दा ठूला हुन्छन् ।



**मोटरसाइकलको आवाज मानिसको पदचाप भन्दा धेरै ठूलो हुन्छ । टाढाको भन्दा नजिकको मोटरसाइकलको आवाज धेरै ठूलो सुनिन्छ ।**

केही आवाजहरू ठूलो वा सानो (मसिनो) बनाउन सकिन्छ । उदाहरणका लागि रेडियोको आवाजलाई ठूलो या सानो पार्न सकिन्छ । आफ्नै आवाजलाई पनि ठूलो या सानो पार्न सकिन्छ ।



मोटो आवाज



मधुर आवाज

### आवाजको तीक्ष्णता (Pitch)

आवाजको उच्च तथा न्यून सुर (tone) नै तीक्ष्णता हो । जस्तै सङ्गीतमा आवाजहरूको तीक्ष्णता तलबाट माथि गर्न सकिन्छ या उच्चबाट न्यून गर्न सकिन्छ ।

**उच्च तीक्ष्णताका आवाजहरु**

**एउटा चराको**



**बाँसुरीको**



**पानी खन्याउँदाको**



**एउटा शिशुको रुवाइ**



उच्च तीक्ष्णता भएका आवाजहरूमा तीखो, पातलो स्वर हुन्छ जुन तपाईंका कानभित्रबाट गए जस्तो अनुभव हुन्छ ।

**न्यून तीक्षणताका आवाजहरु**

**गाईको**



**ढोलकको**



**चट्याङको**



**मानिसको आवाज**



न्यून तीक्ष्णताका आवाजहरूमा पूर्ण, गह्रौं स्वर हन्छ जुन तपाईको हाडहरूमा अनुभव गर्न सक्नुहुन्छ ।

विभिन्न वाणीका (speech) आवाजहरूमा पनि उच्च तथा न्यून तिक्ष्णताहरू हुन्छन् । उदाहरणको लागि आवाजहरू ओ ओ ओ र अम् अम् अम् मा न्यून तीक्ष्णता हुन्छ । इ इ इ आवाजमा मध्यम तिक्ष्णता हुन्छ भने 'स..स..स' र 'फ..फ...फ' का आवाजहरूमा उच्च तिक्ष्णता हुन्छ ।

## श्रवण शक्ति क्षयका प्रकारहरू

श्रवण शक्ति क्षय धेरै प्रकारका हुन्छन् ।
सुन्न समस्या हुने नानीलाई प्रायजसो मोटो (loudness) तथा तीक्ष्णता दुवै प्रकारको कठिनाइ हुन्छ । जस्तै :



यी नानीले राम्रोसँग सुन्दिनन् । उनले **उच्च तीक्ष्ण आवाजहरू** सुन्न सक्दिनन् ।

बाबुले बजाइरहेको बाँसुरीको आवाज सुन्न सक्दिनन् । तर उनले न्यून तीक्ष्णता, मादलको जस्तो मोटो आवाजहरू सुन्न सक्छिन् ।



यो नानीले राम्ररी सुन्दैन । उसले **न्यून तीक्ष्ण आवाजहरू** सुन्न सक्दैन ।

उसले उसका बाबुले मादल बजाइरहेको सुन्न सक्दैन, तापनि उसले त्यसको कम्पन भने अनुभव गर्न सक्छ । तर उसले बच्चा रोइरहेको जस्ता उच्च तीक्ष्ण आवाजहरू सुन्न सक्छ ।



यी नानीले राम्रोसँग सुन्न सक्दिनन् । उसले **मध्यम तीक्ष्ण आवाजहरू** सुन्न सक्दिनन् ।

उनले उच्च तीक्ष्ण आवाजहरू सुन्न सक्छिन्, त्यसैले उनले बच्चा रोइरहेको सुन्न सक्छिन् । उनले न्यून तीक्ष्ण आवाजहरू पनि सुन्न सक्छिन्, जस्तै उसको बाबुको स्वर । तर उनले आफ्नी आमाको स्वर सुन्न सक्दिनन् ।



यो केटो पूर्णरूपले बहिरो छ । उसले **कुनै पनि प्रकारका आवाजहरू** सुन्दैन ।

उसले आमा, आँगनका कुखुराहरू अथवा बाटाको ट्रक कुनैपनिको आवाज जति नै ठूलो भएता पनि सुन्न सक्दैन ।

## नानीले कस्ता आवाजहरू सुन्न सक्छ ?

अलिअलि सुन्न सक्ने नानीले कस्ता आवाजहरू सुन्न सक्छ भन्ने पत्ता लगाउनु पर्छ । यसो गर्नाले आफ्नी नानीको सुन्ने शक्तिको बारेमा धेरै जानकारी हुन्छ । जति धेरै जानकारी हुन्छ, त्यति नै राम्ररी उनीसँग बुझ्ने तरिकाले संचार गर्न सकिन्छ ।

### नानीले आवाजहरूप्रति कसरी प्रतिक्रिया/ध्यान दिने गर्छ, ख्याल गर्नुहोस्

कुनै नानीले खासगरी साना बालबच्चाले आवाज सुन्छ कि सुन्दैन भन्ने थाहा पाउनु ज्यादै गाह्रो हुन सक्छ । नानीले आवाज सुन्छ सुन्दैन यकिन गर्न तलका कुराहरूमा ध्यान दिनु पर्छ । बच्चाहरूले कुनै आवाजप्रति ध्यान वा प्रतिक्रिया गर्दा निम्न कुराहरू गर्ने गर्छन् ।




- हात-खुट्टाहरू चलाउने
- अनुहारको भावमा परिवर्तन ल्याउने
- चलिरहेको भए चल्न छाड्ने
- आवाज निकाल्ने
- मुस्कुराउने वा हाँस्ने
- आवाजतर्फ फर्कन वा सुन्नका लागि आफ्नो टाउको ढल्काउने
- झस्किन, आँखा ठूलो (ट्वाल्ल) पारेर हेर्ने वा झिम्क्याउने ।

### नानीले केही आवाजहरू सुनेजस्तो लाग्छ कि ?

एउटा नानीले के-कस्ता आवाजहरू सुन्न सक्छ भनी अझ राम्ररी थाहा पाउन हरेक क्षण राम्ररी ध्यान दिनुहोस् र आफैँसँग सोध्नुहोस् :

- के नानीले उच्च तीक्ष्णता भएका आवाजहरू सुने जस्तो लाग्छ ? वा न्यून तीक्ष्णता भएका आवाजहरूमात्र । वा दुबैको मिश्रण ?
- के कुनै आवाज कुनै कुनै समयमा मात्र सुन्छ सधैं सुन्न सक्दैन ?
- के उसले सुनसान स्थानमा या कोठामा मात्र सुन्न सक्छ ?
- के उसले सुन्नका लागि आवाज धेरै ठूलो हुनु पर्छ ?



**सुनसान भएका स्थान या कोठामा मात्र कमलले भाँडाकुँडा खसेको सुन्न सक्छन् ।**



**हल्ला भएको बेला या कोठामा कमलले भाँडाकुँडा खसेको सुन्दैनन् ।**

## नानीको सुन्ने शक्ति घरैमा जाच्ने

सानो नानीको सुन्ने शक्ति जाँच गर्न गाह्रो हुन्छ । त्यस्ता नानीको सुन्ने शक्ति श्रवणशक्ति जाँच्ने विज्ञबाट परीक्षण गराउनु राम्रो हुन्छ । तर, त्यो भन्दा अघि घरमै आफ्नो नानीको सुन्ने शक्तिको जाँच आफैले गर्नु भएमा फाइदा हुन्छ । यसो भएमा नानीको समस्याबारे विज्ञलाई सूचना दिन सकिन्छ र विज्ञले के गर्दैछन् भन्ने कुरा राम्ररी बुझ्न सकिनेछ ।



घरमै जाँच गर्न खर्च लाग्दैन र घरेलु समाग्रीहरूको प्रयोग गर्न सकिन्छ । र आफैले जाँच गर्ने हुँदा, नानीको हेरचाह तथा विकासबारे निर्णय गर्नमा आत्मविश्वास बढ्न सक्छ । यो नानीले संचार गर्न सिकिरहेको अवस्थामा, साथीसङ्गी तथा परिवारका सदस्यहरू अझ बढी संलग्न हुने एउटा राम्रो उपाय पनि हो ।

ख्याल गर्नुहोस्, नानीले निम्न कुराहरूमा मात्र प्रतिक्रिया/ध्यान दिने गर्छ कि :

- कुनै वस्तु देख्दा (आवाज आउँदा होइन)
- ठूलो आवाजको कारण हुने कम्पन या तरङ्ग
- र कसैको अनुहारको भाव या हाउभाउ ।

तर, याद गर्नुहोस् नानीले निम्न अवस्थामा प्रतिक्रिया नदिएको पनि हुन सक्छ यदि :

- उ अरु केही काममा अलमलिएको छ भने
- बिरामी छ वा उसको कानमा संक्रमण भएको छ भने
- उ थकित छ, दिक्क भएको वा बेखुशी छ भने ।

## नानीको सुन्ने शक्ति कसरी जाँच गर्ने

सामान्य दैनिक वातावरणमा नानीले आवाजप्रति जनाउने प्रतिक्रियालाई याद गर्ने प्रयास गर्नु होस् । नानीको सुन्ने शक्तिबारे जानकारी लिने यो एउटा राम्रो तथा सामान्य उपाय हो । त्यसपछि, नानीले कस्तो प्रकारका आवाजहरू सुन्न सक्छ वा सुन्न सक्दैन, त्यो छुट्याउने प्रयत्न गर्नुपर्छ । सुरुमा नानीले विभिन्न वस्तुहरूले निकाल्ने कस्ता आवाजहरू सुन्न सक्छ र मानिसको कस्तो बोलाई (वाणी) हरू सुन्छ भनेर थाहा पाउने प्रयत्न गर्नुपर्छ । यी प्रयत्नहरू नै सुन्ने शक्ति जाँच गर्ने तरिका हो ।



यस्तो जाँच गर्न, निम्न कुराहरू जरूरी पर्छ :

- सुनसान वा कुनै पनि आवाज या हल्ला नभएको शान्त ठाउँ,
- केही विभिन्न प्रकारका आवाज आउने सामाग्रीहरू, र
- दुईजना सहयोगीहरू ।

सबैभन्दा पहिले अरु कुनै समान उमेर र सामान्य सुन्ने शक्ति भएको बच्चाको सुन्ने शक्ति जाँच गर्नु होस् । तपाईंले दिएको आवाज सुनेर सानो बच्चाले कसरी प्रतिक्रिया दिन्छ, सो बारे राम्ररी थाहा नपाउन्जेल अभ्यास गर्नुहोस् ।

- जाँच प्रक्रियालाई आरामदायी र रमाइलो बनाउनुहोस् ।
- नानीलाई दिक्क लाग्न नदिन विभिन्न प्रकारका साना खेलौना प्रयोगमा ल्याउनुहोस् ।
- जाँच्ने प्रक्रियालाई छोटो बनाउनुहोस् या दुईचार पटक लगाएर जाँच गर्नु होस् ।

### ▶ ठूलोपन तथा तीक्ष्णताको जाँच गर्ने तरिका

नानीलाई कसैको काखमा राख्ने र उनीहरूको अघि एकजना **सहयोगी** बस्नुहोस् । सहयोगीले एउटा सानो खेलौना देखाएर नानीको ध्यान आफूतिर तान्नुहोस् ।

**श्रवणशक्ति जाँच्ने व्यक्ति**
नानीले नदेख्ने गरी आमाको १ मिटर (३ फिट) पछाडि बस्नुहोस् । यसपछि नानीले सुन्नसक्ने आवाजमा नानीको दुबैपट्टि गएर आवाज निकाल्नु होस् । यदि नानीले जाँच्ने मानिसलाई हेर्न खोजेमा उनले नानीसँग हाँसेर वा हेरेर प्रतिक्रिया दिनुहुँदैन ।



**श्रवणशक्ति जाँच्ने व्यक्ति**

**सहयोगी**

### श्रवणशक्ति जाँच्न आवश्यक सामानहरू

यो परीक्षण या जाँच गर्न सामान्य आवाज निकाल्ने एकै प्रकारका तीनवटा बट्टाहरू भए पुग्छ ।

१. पहिलो टिनमा काठको एउटा सानो टुक्रा हाल्नुहोस् । (न्यून तीक्ष्णता भएको आवाज)

२. दोस्रो टिनमा एक अञ्जुली जति सुकेका सिमीको गेडाहरू हाल्नुहोस् । (मध्यम तीक्ष्णता भएको आवाज)

३. तेस्रो टिनमा एक अञ्जुली चामल हाल्नुहोस् । (उच्च तीक्ष्णता भएको आवाज)







**मधुरो आवाजका** लागि टिनको भाँडोलाई बिस्तारै हल्लाउनुहोस् । **मध्यम आवाजका** लागि त्यसलाई अलि जोडले हल्लाउनुहोस् । **ठूलो आवाजको** लागि यसलाई धेरै जोडले हल्लाउनुहोस् । परीक्षणकर्ताले आफूले ठूलोपन (loudness) नियन्त्रण गर्न सकुन्जेल प्रत्येक टिनको भाँडोलाई हल्लाउने अभ्यास गर्नुपर्नेछ ।

## नानीले सुनेका आवाजहरूलाई कसरी रेकर्ड गर्ने

यहाँ नानीले सुन्न सक्ने आवाजहरूको रेकर्ड राख्नका लागि एउटा तालिका बनाउने तरिका दिइएको छ। तालिकामा प्रत्येक कानको लागि एउटा खण्ड छ। प्रत्येक खण्डमा न्यून, उच्च र मध्यम तीक्ष्णताका लागि कोठाहरू छन्।

नानीले सुनेका आवाजहरूबारे जनाउन प्रत्येक कोठामा चिह्नहरू लगाउनु पर्छ जस्तै न्यून सुन्दा (एउटा गोलो घेरा), मध्यम सुन्दा (२ वटा गोलो घेराहरू) वा उच्च सुन्दा (३ गोला घेराहरू)। जतिसुकै जोडले टिनको बट्टा हल्लाउँदा पनि नानीले केही सुनेन भने तालिकामा कुनै पनि चिन्ह लगाउनु पर्दैन।







## नानीको जाँच गर्ने प्रक्रियामा गर्नुपर्ने कुराहरू

**सहयोगी :** खेलौनाको मद्दतले शान्तपूर्वक नानीको ध्यान केन्द्रित गर्नुहोस्। जब नानीले खेलौनामा ध्यान दिइरहेको हुन्छ, तपाईंको अर्को हातले त्यो खेलौनालाई बिस्तारै छोप्नुहोस्।



**श्रवणशक्ति जाँच्ने व्यक्ति :** न्यून तिक्ष्णता भएको आवाजको निकाल्न टिनको बट्टाको प्रयोग गर्नुहोस्। टिनको बट्टाको माथिपट्टि छोप्नुहोस् र त्यसलाई नानीका प्रत्येक कानहरूको पछाडि ३ देखि ४ सेकेन्डसम्म हल्लाउनुहोस्। सुरुमा एउटा मसिनो सानो आवाज निकाल्नुहोस्।

**सहयोगी र आमा/बाबु :** नानीले आवाजप्रति प्रतिक्रिया जनाउँछ भनी याद गरिराख्नुहेस्।

**सहयोगी :** यदि नानीले कुनै प्रतिक्रिया जनायो भने श्रवणशक्ति जाँच्ने व्यक्तिलाई जानकारी दिन आफ्नो टाउको थोरै हल्लाउनुहोस्।




**श्रवणशक्ति जाँच्ने व्यक्ति** : यदि नानीले मसिनो आवाजलाई प्रतिक्रिया गऱ्यो भने तालिकामा एउटा गोलो घेरा बनाउनुहोस् र त्यो कानमा न्यून तीक्ष्णता भएको आवाज परीक्षण गर्न बन्द गर्नुहोस् ।

यदि नानीले मसिनो आवाजलाई **प्रतिक्रिया गरेन भने** मध्यम आवाज निकाल्नका लागि टिनको बट्टालाई अलि जोडले करीव ३ देखि ४ सेकेन्डसम्म हल्लाउनुहोस् । नानीले प्रतिक्रिया दिन्छ कि पर्खनुहोस् ।

यदि त्यो नानीले प्रतिक्रिया गऱ्यो भने तालिकामा दुईवटा गोलो चिह्न लगाउनुहोस् र त्यो कानमा सो आवाज परीक्षण फेरि नगर्नुहोस् । यदि नानीले मध्यम आवाजलाई प्रतिक्रिया दिएन भने उच्च आवाज निकाल्न टिनको बट्टालाई ३ देखि ४ सेकेन्डसम्म जोडले हल्लाउनुहोस् । यदि नानीले उच्च आवाजलाई प्रतिक्रिया दिन्छ भने तालिकाको उपयुक्त कोठामा ३ वटा गोलो चिह्न लगाउनुहोस् ।

यदि नानीले आवाज सुनेन भने त्यहाँ कुनै गोलो चिन्ह हुने छैन ।

तीनवटै आवाजहरूबाट दुवै कानहरू जाचेको कुराको यकिन गर्नुहोस् -

- **न्यून तीक्ष्णता भएको आवाज** (काठ राखेको बट्टा)
- **मध्यम तीक्ष्णता भएको आवाज** (सिमी राखेको बट्टा)
- **उच्च तीक्ष्णता भएको आवाज** (चामल राखेको बट्टा)

## रेकर्डको निष्कर्ष निकाल्ने

सुनाईको ढाँचालाई हेर्नुहोस् । यो प्रत्येक नानीको फरक-फरक हुनसक्नेछ ।




**यो नानीले उच्च तीक्ष्णता भएको आवाज भन्दा न्यून तीक्ष्णता भएको आवाज राम्ररी सुन्छ ।**

**उसले उच्च तीक्ष्णता भएका ठूला आवाजहरू सुन्न सक्छ । उसको देब्रे कानले भन्दा दाहिनेले अझ राम्ररी सुन्न सक्छ ।**




**यो बच्चा करीब बहिरो नै छ ।**

**उसको देब्रे कानले कुनै आवाज नै सुन्दैन । दाहिनेले पनि थोरै सुन्न सक्छ तर न्यून तीक्ष्णता भएका ठूला आवाजहरू मात्र ।**



## श्रवण शक्तिको जाँचको राम्रो नतिजा थाहा पाउन गर्नुपर्ने कुराहरु

**अभिभावकले**



- नानीलाई राम्ररी वरिपरि ओर्किन फर्किन मिल्ने गरी नानी आफ्नो काखमा दह्रो गरी राख्नु पर्छ ।
- श्रवणशक्ति जाँच्ने व्यक्तिले निकालेका कुनै पनि आवाजहरूको प्रतिक्रिया **गर्नु हुँदैन** ।

**श्रवणशक्ति जाँच्ने व्यक्तिले**



- नानीको पछाडि बस्नुपर्छ ।
- नानीको कानको उचाई बराबर उँचाइमा आवाजहरू निकाल्नु पर्छ ।
- नानी भन्दा १ मिटर (३ फिट) टाढाबाट आवाज निकाल्नु पर्छ ।
- नानीले शरीर वा छायासमेत **नदेख्ने गरी बसेको** हुनु पर्छ ।
- आवाजहरू नानीको **बायाँ** र **दायाँ** दुवैपट्टि निकाल्नुपर्छ ।

**सहयोगीले**



- नानीको ध्यान खेलौनामा केन्द्रित गराइरहनु पर्छ ।
- शान्त र चुपचाप बस्नु पर्छ ।
- श्रवणशक्ति जाँच्ने व्यक्तिलाई **हेर्नु हुँदैन ।**
- श्रवणशक्ति जाँच्ने व्यक्तिद्वारा निकालिएका कुनै पनि आवाजहरूको **प्रतिक्रिया गर्नुहुँदैन** ।

## के नानीले बोलेको आवाजहरू सुन्न सक्छ ?

बोलेका आवाजहरूमा पनि तीक्ष्णतामा भिन्नताहरू हुन्छन् । उदाहरणका लागि बोलेका आवाजहरू जस्तै 'टी' 'डी' 'स' र 'श' हरूको 'ओ' 'इ' र 'एम' भन्दा उच्च तीक्ष्णता हुन्छ ।

कुनै नानीले केही बोलेका आवाजहरू सुन्न सक्छ तर अरू आवाज सुन्न सक्दैनन् । यस्तो अवस्थामा नानीले उच्च, मध्यम वा न्यून तीक्ष्णता भएका मध्ये कुन बोलेका आवाजहरू सुन्न सक्छन् र ती आवाजहरू सुन्न आवाज कति ठूलो हुनुपर्छ भन्ने थाहा पाउन कोशिश गर्नु पर्छ । परिवारका सदस्यहरूले बोल्दा उसले सुनेको जस्तो लाग्ने आवाजहरूको तीक्ष्णता र ठूलोपनाबारे याद गर्ने गर्नुहोस् ।

शब्दहरूको अर्थ प्रष्ट्याउने अवस्था छ भने कहिलेकाँही सुन्न नसक्ने बालबालिकाहरूले पनि शब्दहरूको अर्थ बुझेको जस्तो देखिन्छ । यदि कसैले बललाई देखाउँदै अथवा हेर्दै "बल लेउ" भन्छ, भने त्यो नानी बल लिन जान सक्छ । मानिसले बोलेको आवाजहरू नसुनीकन नै त्यो बललाई देखाइएको कारण उ बल लिन गएको हुन सक्छ ।

नानीले शब्दहरू सुनिरहेको छ कि छैन भन्ने पत्ता लगाउन उसले पहिले नै जानेको खेल वा दैनिक कामका ३-४ वटा वस्तुहरू प्रयोग गर्नुहोस् । नानीले ती वस्तुहरूको नाम सुन्छ कि सुन्दैन भन्ने पत्ता लगाउन यस्तो धेरै पटक गर्नुहोस् ।

**सुरुमा कुनै पनि सङ्केत (क्लू) नदिई ती शब्दहरू भन्नुहोस् ।**




**यदि नानीले शब्दहरू मात्र भन्दा बुझेन भने, शब्दहरू भन्नुहोस् र त्यसपछि त्यो बस्तुलाई हेर्नुहोस् ।**




नानीले आवाजहरू सधैं सुनेजस्तो लाग्दैन या कहिलेकाँही सुनेजस्तो गर्छ भने यसको अर्थ त्यो नानी ढिट बनिरहेको छ भन्ने होइन । उसले आवाज नसुनेको हो । उसले आवाजहरूको कस्तो प्रतिक्रिया दिन्छ भन्ने कुरालाई धेरै चीजहरूले असर गर्न सक्छ, जस्तै दिनको कुन समय, भोक लागेका बेला वा त्यो दिन नानीले कस्तो अनुभव गरिरहेको छ भन्ने कुराहरू । रूघा तथा कानको संक्रमणहरूले पनि नानीहरूको सुनाईमा अस्थायी रूपले प्रभाव पार्न सक्छन् ।

**यदि नानीले यसो गर्दा पनि बुझेन भने, शब्दहरू भन्नुहोस् र त्यसपछि त्यो बस्तुलाई हेर्नुहोस् र देखाउनु होस् ।**



### ▶ *कुन स्तरका बोलेका आवाजहरू नानी वा शिशुले सुन्न सक्छ जाँच्नुहोस् ।*

बोलेको आवाज जाच्नका लागि टिनको बट्टा हल्लाउनुको सट्टा श्रवणशक्ति जाँच्ने व्यक्तिले बोलेर आवाज निकाल्नु होस् । यस्तो जाँच गर्न साधारण आवाजहरू प्रयोग गर्नुपर्ने हुन्छ ।

१. अम् अम् अम् (भुनभुनाउने) को आवाज (न्यून तीक्ष्णता भएको आवाज)

२. ऊ ऊ ऊ  (ऊ बुटमा जस्तै) को आवाज (मध्यम तीक्ष्णता भएको आवाज )

३. स स स स (सीत्कार) को आवाज  (उच्च तीक्ष्णता भएको आवाज )

मसिनो आवाज सकेसम्म मसिनो हुनु पर्छ । मसिनो स्वरले बोल्दा सामान्य सुन्न सक्ने मानिसले सुन्नसक्ने हुनुपर्छ ।




यही तरिकाबाट नै ठूलो आवाज तथा तीक्ष्णताको पनि जाँच गर्नुपर्छ । नानीको देब्रे कानको लोति पछाडि न्यून तीक्ष्णता (म म म म) मा ३ देखि ४ सेकेन्डसम्म सानो आवाज निकाल्दै सुरु गर्नु होस् । यही तरिकाले सानो आवाजबाट ठूलो र न्यूनबाट उच्च तीक्ष्णतामा देब्रे कानबाट दाहिने कानको जाँच गरिरहनु होस् । ठूलो आवाज बढाउँदा तीक्ष्णता नबढोस् भनी सधैं याद गर्नुहोस् ।

### ▶ बालबालिकाहरूले पनि सहयोग गर्न सक्छन्

साना बालबच्चाहरूले पनि आफ्ना दाजुभाई, दिदीबहिनी र गाँउका साथीसङ्गीहरूको सुनाई जाँच गर्न सहयोग गर्नमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

*चार महिना भन्दा माथिका नानीहरूको कसरी जाँच गर्ने ।*



- एउटा टिनको बट्टामा वा भाँडामा केही साना ढुङ्गाहरू राखेर छिङ्छिङ पार्नुहोस् । यसोगर्दा नानीले देख्न नपाओस् । छिङ्छिङेलाई उसको टाउको पछाडि सुरुमा एकापट्टि र त्यसपछि अर्कोपट्टि हल्लाउनुहोस् । ऊ अच्चम्मित भयो कि भएन हेर्नुहोस् ।

- कोठाका विभिन्न ठाउँहरूबाट नानीको नाम बोलाउनुहोस् । उसले कुनै प्रकारले प्रतिक्रिया दिन्छ कि दिनैन बिचार गर्नुहोस् ।



### ▶ *हुर्केका नानीहरूको सुनाइ जाँच्ने उपायहरू*

**खेल : त्यो कुन जनावर हो ?**

यो खेल यसरी खेल्नु पर्छ । एउटा नानीलाई वक्ता बनाउनुहोस् र उसलाई साना नानीहरूको लाइन भन्दा चार मिटर ( १२ फिट) पर उभ्याउनुहोस् । यसैगरी प्रत्येक सानो नानीको पछाडि एक-एकजना ठूलो नानी एउटा कलम र पाना सहित उभिनु पर्छ ।




सुरुमा वक्तालाई गाँउघरमा देखिने जनावरको नाम ठूलो आवाजमा भन्नु पर्छ । साना बालबालिकाले आफूले सुनेको नाम ठूला साथीलाई कानेखुशी गरेर भन्नुपर्छ र उनीहरुले भनेका नामहरू ठूला नानीहरूले कागजमा टिप्नु पर्छ ।

त्यसपछि वक्ताले प्रत्येक आवाजलाई अझ मसिनो स्वर बनाउँदै, साउतीसम्म नपुगुन्जेल अन्य जनावरहरूको नामहरू भन्न लगाउनु पर्छ । ठूला नानीहरूले साना नानीहरूले आफूहरूलाई भनेका सबै नामहरू लेख्छन् ।

वक्ताले झन्डै १० वटा जनावरहरूको नामहरू भनी सकेपछि र साना बालबालिकाहरूले भनेका शब्दहरू लेखी सकेपछि त्यो सूचीलाई तुलना गर्नुहोस् । अरु सरह धेरै शब्दहरू नसुन्ने वा ठीकसँग नसुन्ने नानीलाई सुनाइसम्बन्धी समस्या हुन सक्छ ।

## स्वास्थ्य केन्द्रमा गर्न सकिने परीक्षणहरू



क्लिनिक वा स्वास्थ्य केन्द्रले पनि नानीको सुनाइ परीक्षण गर्न सक्छ । नानीको सुनाइमा समस्या छ तर कस्ता प्रकारका आवाजहरू उसले सुन्न सक्छ तपाईं हामीले पत्ता लगाउन नसक्ने पनि हुन्छौं । यस्तो अवस्थामा क्लिनिक वा स्वास्थ्य केन्द्रमा परीक्षण गर्नु उपयोगी हुन सक्छ ।

सुनाइ परीक्षण गरिने क्लिनिक गाउँघर नजिकै नहुन सक्छ । यो परिक्षण खर्चिलो पनि छ । तर, नानीले श्रवण सहयोगी यन्त्र (hearing aid) को प्रयोग गर्नु परेमा विशेषज्ञद्वारा परीक्षण गराउनै पर्छ ।

परिचित ठाउँमा एकपटक नानीको सुनाइ परीक्षण गरिसकिएको छ भने अपरिचित ठाउँमा नयाँ मानिसले परीक्षण गर्दा उसको डर कम हुनेछ । ऊ बढी सहयोगी र आफूले गर्नुपर्ने काम बढी बुझ्नेछ ।

सुनाइ परीक्षणबाट प्राप्त भएको सूचनाको आधारमा नानीको कानमा श्रवण सहयोगी यन्त्र जडान गरिन्छ । श्रवण सहयोगी यन्त्रबारे थप जानकारीका लागि पृष्ठ २१७ देखि २२४ सम्म हेर्नुहोस् ।

## यो सूचनालाई के गर्ने

यदि नानीले केही आवाजहरू सुन्न सक्छ भने उसलाई अझ राम्ररी सुन्न सहयोग गर्न सकिन्छ । सुनाइ सीप विकासबारे अबको अध्यायमा हेर्नुहोस् । नानीको सुनाइ सीप सम्बन्धमा ६ महिना काम गरिसकेपछि सुनाइ सीपमा विकास भए- नभएको थाहा पाउन पुन: सुनाइ परीक्षण गर्नुहोस् ।